फोन नं. : ०५७-५२४८३६
Email : p3mosd@gmail.com

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

प.सं. ०७७/०७८/ प्रशासन
च.नं. : प्र.०२/ 26

मिति: २०७७/०४/०५

विषयः- कार्य सम्पादन मुल्यांकन सम्बन्धमा ।

श्री मातहतका कार्यालयहरु सबै,
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौं (आन्तरिक व्यवस्थापन शाखा) प.सं. ०७७/७८, च.नं. १६ र २०, मिति २०७७/०४/०४ र ०५ गतेको प्राप्त पत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न गरीएको छ, सोही अनुसार कार्य सम्पादन मुल्यांकन फाराम भरी यस मन्त्रालयमा उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

..................................
संगिता खड्का
(अधिकृत सातौं)

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी .नः 20

मिति २०७७/०४/०५

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, ७ वटै प्रदेश ।

श्री प्रदेशका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै ।

श्री स्थानीय तहहरु सबै ।

बिषय : कार्यसम्पादन मूल्यांकन सम्बन्धमा ।

यस मन्त्रालयको मिति २०७७/०४/०४ को परिपत्र अनुसार आ.व. २०७६/७७ को कार्यसम्पादन मूल्यांकन सम्बन्धमा अन्यथा हुन गएकोले उत्पन्न भएको द्बिविधाका सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा २ बमोजिम संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरु समायोजन हुनु पूर्वको सेवा, शर्त र सुविधा बमोजिम नै हुनेछ भन्ने उल्लेख भए अनुसार समायोजन भएका कर्मचारीहरुले गत बर्ष बमोजिम कै ढाँचाको कार्य सम्पादन मूल्यांकन फाराम भरी सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/विभाग/निर्देशनालय/कार्यालयमा दर्ता गर्ने/गराउने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

बसन्त भट्टराई

शाखा अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर नेपाल
दर्ता नं. ८८
मिति 2077/04/05

<u>बोधार्थ :-</u>

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गर्नुहुन ।

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८
चलानी नं: १६

मितिः- २०७७/०४/०४

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ७ वटै प्रदेश ।
श्री जिल्ला समन्वय समिति, ७७ वटै ।
श्री स्थानीय तहहरु, सबै ।

**विषयः- कार्यसम्पादन मूल्याँकन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा विभिन्न प्रदेश मन्त्रालय, कार्यालय तथा स्थानीय तहहरुबाट कार्यसम्पादन मूल्याँकन सम्बन्धमा द्विविधा भएको भनि विभिन्न माध्यमबाट जिज्ञासा प्राप्त भएकोले सो सम्बन्धमा देहायबमोजिम गर्नु गराउनुहन यस मन्त्रालयको मिति २०७७।४।४ को निर्णयअनुसार अनुरोध छ ।

१) प्रदेश र स्थानीय तहहरुमा समायोजन भएका कर्मचारीहरुको फारमको ढाँचा र विधि साविक बमोजिम निजहरुले भरेको कार्यसम्पादन मूल्याँकनको ढाँचा र फारम नै हुने । (जस्तै निजामती सेवाबाट छैटौ तहमा समायोजन भएका कर्मचारीहरुले साविकको रा.प. अनं प्रथम श्रेणीको फारमको ढाँचा र रंगको कार्यसम्पादन मूल्याँकन फारम भर्ने ।)
२) लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुले यस मन्त्रालयको च.नं. १२ मिति २०७७।४।१ मा भएको परिपत्र अनुसारको फारमको ढाँचामा कार्यपालिकाबाट स्वीकृत गराई फारम भर्ने भराउने ब्यबस्था मिलाउने ।
३) समायोजन भएका तथा नयाँ नियुक्त कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन यस मन्त्रालयको च.नं. २०० मिति २०७६।४।३० को परिपत्र अनुसार गर्ने गराउने ।
४) संघ तथा स्थानीय तहमा समायोजन भई हालसम्म पदस्थापन नभएका तथा प्रदेशमा कामकाजको लागि खटिएका सबै श्रेणी तथा तहमा कार्यरत सबै सेवा समूहका कर्मचारीहरुको का.स.मू.को लागि सुपरिवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समिति निजहरु कार्यरत रहेको कार्यालयमै दरबन्दी रहेको मानि हाल कार्यरत निकायले नै आवश्यक कार्यबाही गर्ने ।
५) संघमा समायोजन भई स्थानीय तह तथा प्रदेश सरकारमा कामकाजका लागि खटिएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन यस मन्त्रालयको च.नं. २१५ मिति २०७६।५।४ को परिपत्र बमोजिम हुने ।

(बसन्त भट्टराई)
शाखा अधिकृत

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा : प्रस्तुत सूचना वेभसाईटमा अपलोड गरिदिनुहुन ।